तिमीहरू पक्कै पनि आफ्नो अगाडिका समुदायहरूलाई पछ्याउनेछौ, बित्ता-बित्ता र हाथ-हाथ पूर्ण अनुसरण गर्नेछौ ।

अबू-सईद अल्-खुदरी (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो : "तिमीहरू पक्कै पनि आफ्नो अगाडिका समुदायहरूलाई पछ्याउनेछौ, बित्ता-बित्ता र हाथ-हाथ पूर्ण अनुसरण गर्नेछौ । यदि तिनीहरू छेपारो (सांडा) को
प्वालमा प्रवेश गरेका थिए भने तिमीहरू पनि यसमा प्रवेश गर्नेछौ ।” हामीले भन्यौं: हे अल्लाहको रसूल, के तपाईंको मतलब यहूदी र ईसाई हो? उहाँले भन्नुभयो: अरू को त?"
[सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले आफूपछि उहाँका केही अनुयायीहरूको अवस्था कस्तो हुनेछ भनेर बताउनु हुन्छ; त्यो के हो भने उनीहरूले यहूदी र इसाईहरूको आस्था, कार्य, चलन र परम्पराहरूलाई बित्ता-बित्ता र हाथ-हाथ पूर्ण अनुसरण गर्ने छन् । यदि तिनीहरू छेपारो (सांडा) को प्वालमा पसे भने तिनीहरू तिनीहरूको पछि पस्नेछन् ।

https://sunnah.global/hadeeth/ne/show/3355